**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६६/२/१५ गते शुक्रवार देखि २०६६/२/२१ गते विहिवार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ९१ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ५३४६ कारोबारबाट ३४ करोड ५१ लाख ८५ हजार रुपैयाँ बराबरका ६ लाख ८ हजार ४ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ५.५६ प्रतिशतले ह्रास भएको हो । गत साता ३६७८ शेयर कारोबारबाट ३६ करोड ५५ लाख ८ हजार रुपैयाँ बराबरका ४ लाख ५ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबारमध्ये 'क' वर्गका कम्पनीहरुको मात्र १६ करोड ९१ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४९.०१ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ९.०१ अंकले ह्रास भई अन्तिम दिन ६९८.८८ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७२२.७२ | ४३४.३२ | ३६६.४५ | ६९९.०५ | ८८७.४८ | २८१.७८ | ६५१.९७ | ७६२.९९ | ७५६.९१ | ७०७.८९ | १८७.४८ | ६७.७३ |
| दोस्रो | ७१९.६० | ४३४.३२ | ३६६.४५ | ६७२.०४ | ८६५.३४ | २८१.७८ | ६५१.९१ | ७५८.९७ | ७६१.४७ | ६९९.९५ | १८६.७० | ६७.३६ |
| तेस्रो | ७२३.५५ | ४३४.३२ | ३६६.४५ | ६६९.६९ | ८६८.३५ | २८१.७८ | ६५१.७९ | ७७३.२६ | ७७५.९७ | ७०३.०१ | १८७.८९ | ६७.७० |
| चौथो | ७२४.१९ | ४३४.३२ | ३६६.४५ | ६५२.०७ | ८६९.५१ | २८१.७८ | ६५०.२९ | ७७३.४७ | ७७०.९० | ६९९.६२ | १८८.२८ | ६७.६२ |
| पाँचौं | ७१७.११ | ४३४.३२ | ३६६.४५ | ६७५.५६ | ८६१.३९ | २८१.७८ | ६४४.३५ | ७६१.२५ | ७६९.२५ | ६९८.८८ | १८६.६४ | ६७.१५ |
| परिवर्तन | -५.६१ | ०.०० | ०.०० | -२३.४९ | -२६.०९ | ०.०० | -७.६२ | -१.६२ | १३.०६ | -९.०१ | -०.८४ | -०.५८ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ०.८४ अंकले ह्रास भई १८६.६४ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (४ करोड ७ लाख रुपैयाँ) तथा शेयर संख्या (१ लख ३५ हजार कित्ता) को आधारमा नेपाल क्रेडिट एण्ड कर्मस बैंक र कारोबार संख्या (२२७४ वटा) को आधारमा प्रभु फाइनान्स अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल क्रेडिट एण्ड कर्मस बैंक | ४०.७५ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ३६.४९ |
| ३ | प्रभु फाइनान्स | ३६.४५ |
| ४ | पश्चिमाञ्चल विकास वैंक | २७.४४ |
| ५ | बैंक अफ काठमाण्डू | १९.२१ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | वैंक अफ एशिया नेपाल | साधाराण | १,००,००,००० कित्ता |
| २ | सिटिजन्स् वैंक इन्टरनेसनल | साधारण | १,००,००,००० कित्ता |